# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।१२।२९ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

जिल्ला धनुषा, राईजोवियम तथा घाँसेबारी बीउ बिजन प्रयोगशाला, जनकपुरधाममा कार्यरत वरिष्ठ पशु विकास अधिकृत डा.राम गुलाम यादव र पशु सेवा प्राविधिक जागेश्वर चौधरीले सम्पन्न भई सकेको निर्माण कार्यको भुक्तानी आदेश बापत विभिन्न बहाना बनाई सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास महोत्तरीबाट खटिई गएको टोलीले निज डा.राम गुलाम यादव र पशु सेवा प्राविधिक जागेश्वर चौधरीलाई सेवाग्राहीसँग रु.४०,०००।- (चालीस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा मिति २०७५।१२।१२ गते जिल्ला धनुषा, जनकपुर उप-नगरपालिका, वडा नं.-४, विसाहाराबाट नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज दुबैजना कार्यालय प्रमुख वरिष्ठ पशु विकास अधिकृत डा.राम गुलाम यादव र पशु सेवा प्राविधिक जागेश्वर चौधरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको सप्रमाण पुष्टि भएकोले निजहरुलाई जनही बिगो रु.४०,०००।- (चालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई मिति २०७५।१२।२८ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता